आज मिति २०७८ /११/ ०४ गते बुधबारका दिन धवलागिरी गाउँकार्यपालिकाको अध्यक्ष श्री थमसरा पुन ज्युको को अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

## उपस्थित

| | |
|---|---|
| श्री थमसरा पुन | अध्यक्ष |
| श्री रेशम छन्त्याल | उपाध्यक्ष |
| श्री झक बहादुर छन्त्याल | वडा नं. १ अध्यक्ष |
| श्री गंम . प्रसाद वि.क | वडा नं. २ अध्यक्ष |
| श्री पुर्म पुन | वडा नं. ३ अध्यक्ष |
| श्री बेग बहादुर घर्ति | वडा नं. ४ अध्यक्ष |
| श्री खर्क कुमारी छन्त्याल | वडा नं. ५ अध्यक्ष |
| श्री राजाराम उपाध्याय | वडा नं. ६ अध्यक्ष |
| श्री कलानिधि शर्मा | वडा नं. ७ अध्यक्ष |
| श्री राम प्रसाद बि.क | कार्यपालिका सदस्य |
| श्री देउ प्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री तील कुमारी के.सी | कार्यपालिका सदस्य |
| श्री कीनमाया घर्ति | कार्यपालिका सदस्य |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री सोविन घर्ति | नि.प्रमुख प्रशासकीय अधिकृत |

## प्रस्तावहरु

१) प्रशासकिय भवनको लागत अनुमान स्विकृत सम्बन्धमा।
२) नि.प्रमुख प्रशासकीय अधिकृत तोक्ने सम्बन्धमा।
३) किसानी मा.बि. धारापानिको नाम परिर्वतन सम्बन्धमा।
४) औषधि खरिद गर्ने सम्बन्धमा।
५) खायन आलु उत्पादन कार्यक्रमको लाभग्राहि छनोट सम्बन्धमा।
६) Lisa को नतिजा सार्वजनिक सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यका लागि धवलागिरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को दफा १५ उपदफा १ (ग) बमोजिम लागत अनुमान रु १२६२२६३८४.५७ स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि व्यापक छलफल गर्दा यस धवलागिरी गाउँपालिकाको कार्यालयमा कार्यरत लेखा अधिकृत श्री कृष्ण प्रसाद खराललाई अर्को व्यवस्था नभए सम्म नि. प्रमुख प्रशासकीय अधिकृत तोक्ने निर्णय गरियो।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि व्यापक छलफल गर्दा साविक श्री किसानी मा.बि. धारापानिले पेश गरेको निवेदन बमोजिम श्री किसानी मा.बि.को नाम परिवर्तन गरी श्री किसानी चन्द्रकुन्टा माध्यामिक विद्यालय बानई संसोधन गर्नको लागि सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ४:- प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा गाउँपालिकालाई आवश्यक पर्ने स्वास्थ्य शाखाको औषधी खरिद गर्ने बारे निर्णय गरियो।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि व्यापक छलफल गर्दा खायन आलु उत्पादन कार्यक्रमा लाभग्राही छनौटको लागि गाउँपालिकाको आहवान गरेको मिति २०७८/०९/१९ गते देखि २१ दिने सुचना बमोजिम तपशिल बमोजिमका कृषकहरुले पेश गरेको निवेदनको आधारमा तपशिल बमोजिमका कृषक समुहलाई छनौट गर्ने बारे निर्णय गरियप।

तपशिल

१. खोरिया तरकारी तथा जडिबुटी उत्पादन कृषल समुह ( खोरिया)।
२. हरियाली कृषक समुह (ताकम)।
३. गाईखर्क तरकारी तथा जडिबुटी कृषक समुह (मुदी)।
४. धवलागिरी साना किसान कृषि सहकारी (शिवाङ्ग)।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि व्यापक छलफल गर्दा नि.प्रमुख प्रशासकीय अधिकृतवाट बैठक समक्षपेश गरिएको धवलागिरी गाउँपालिकाको आ.व. २०७७/०७८ को स्थानीय तहको स्वामुल्यांकन(Lisa) स्वीकृत गरि अन्तिम नतिजा सार्वजनिक गर्ने निर्णय गरियो ।